प्रतिदिन १७औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : २०१ ॥ २०८२ भाद्र १७ गते मंगलबार (2nd Sep 2025 Tuesday) Pratidin National Daily मूल्य-रु.५/-

## मन्त्री हाङ्गामको दादागिरी
# मन्त्रालयका सचिव चढ्ने गाडीको चाबी खोसे


खगेनसिंह हाङ्गाम
मन्त्री
शरणकुमार पाण्डे
सचिव

झापा(प्रस) । पटक पटक विवादमा पर्दै आएका कोशी प्रदेशका उद्योग, कृषि तथा सहकारी मन्त्री खगेनसिंह हाङ्गामले मन्त्रालयका सचिव शरणकुमार पाण्डेले प्रयोग गर्दै आएको गाडीको चाबी खोसेका छन् ।

आफूलाई असहयोग गरेको भन्दै मन्त्री हाङ्गामले मुख्यमन्त्री कार्यालय पुगेका सचिव पाण्डेको गाडीको चाबी चालकमार्फत खोसेका हुन् । सचिव पाण्डेले आफ्नो गाडीको चाबी खोसिएको स्वीकार गरेका छन् ।

मुख्यमन्त्रीसँग छलफलका लागि पुगेको र छलफल सकेर निस्कन खोज्दा गाडी नदेखेपछि सवारी चालकलाई आफूले फोन गरेर सोध्न खोज्दा चालकको समेत फोन 'अफ' रहेको सचिव पाण्डेको भनाइ छ । पछि बुझ्दा मन्त्रीको दबाबमा चाबी खोसिएको थाहा भएको उनले जनाए । त्यहाँबाट आफूले मोटरसाइकल बोलाएर मन्त्रालयमा आएको उनको भनाइ छ । मन्त्री हाङ्गाम र सचिव पाण्डेबिच लामो समयदेखि द्वन्द्व चलिरहेको मन्त्रालय स्रोत बताउँछ । मन्त्रीले करारका ड्राइभर हटाउने र आफ्ना मान्छे नियुक्त गर्ने प्रयास गरेका थिए, जसलाई सचिवले अस्वीकार गरेको जनाइएको छ ।

यस्तै झापामा कर्मचारीबारेको विवादमा पनि मन्त्री र सचिवबिच विवाद भएको थियो । विवाद बढ्दै जाँदा सचिव पाण्डेको केही समय अगाडि सरुवा भएको थियो । यद्यपि सचिव पाण्डेको सरुवा थमौती भएको छ ।

त्यही झोकमा मन्त्रीले चाबी खोसेको मन्त्रालयका कर्मचारी बताउँछन् । 'मन्त्रीले यो मेरो राज्य भन्दै कर्मचारीलाई थर्काउने र दादागिरी देखाउने गरेका छन्,' एक कर्मचारीले भने, 'अब हामी सहन सक्दैनौँ ।'

सचिव पाण्डेले यस विषयमा मुख्यमन्त्री हिक्मतकुमार कार्की र प्रदेशका प्रमुख सचिव चन्द्रकला पौडेललाई जानकारी गराएको बताइएको छ ।

## झापामै पहिलो पटक डीजेसहितको नाइटक्लव खुल्यो



झापा(प्रस) । झापामै पहिलो पटक बिर्तामोडमा डीजेसहितको नाइटक्लव सञ्चालनमा आएको छ ।

बिर्तामोड- ३ स्थित भाटभटेनी पश्चिम राजमार्ग क्षेत्रमा गन्तव्य लञ्ज एण्ड वार सञ्चालनमा आएको हो ।

साढे ३ वर्षअघि स्थापना भई अझ धेरै सेवा सुविधासहित बिर्तामोड १ निवासी निर्भिक शिवाकोटीले डीजेसहितको नाइटक्लव सञ्चालनमा ल्याएका हुन् । भदौ १८ गते सामान्य उद्घाटन गरी सुरु गरिने नाइट क्लवको ग्राण्ड ओपनिङ असोज १ गते रहेको सोमवार पत्रकार भेटघाटको आयोजना गर्दै जानकारी दिइयो ।

युवाहरुको माग बमोजिम उच्च स्तरीय साउण्ड र लाइटसहितको एलइडी डेक्सटप सिस्टममा सञ्चालनमा ल्याइएको नाइटक्लव साउण्डप्रुफ रहेको छ । नाइट क्लवका लागि चार करोड रुपैयाँ लगानी गर्दै करिव एक कठ्ठा क्षेत्रफलमा तयार गरिएको सञ्चालक डिल्लीरमण शिवाकोटीले बताए । अपरान्ह ४ वजेदेखि राति १२ वजेसम्म नाइटक्लव खुल्ला रहने बताइएको छ ।

नाइटक्लवमा आउन चाहनेका लागि २० किलोमिटर क्षेत्रभित्र निःशुल्क यातायातको व्यवस्था समेत गर्न लागिएको निर्भिकको भनाई छ । उनी अष्ट्रेलियाबाट हस्पिटालिटी म्यानेजमेन्टमा डिप्लोमा गरी घर फर्किएका हुन् । पारिवारिक वातावरणमा रमाउन सकिने गरी तयार गरिएको नाइटक्लवमा क्याविनको समेत व्यवस्था गरिएको छ । सुरक्षाका लागि सुरक्षा गार्ड र वाउन्सर गरी ६ जनाको व्यवस्थापन गरिएको छ । जसमा दुई जना महिला वाउन्सर राखिएको निर्भिकले जानकारी दिए ।

एक सय ७० जना क्षमतासहितको नाइटक्लवमा अर्डर अनुसारको सबै प्रकारका खानेकुरा उपलब्ध हुने बताइएको छ ।

गन्तव्य नाइटक्लव कोशी प्रदेशकै पहिलो भएको दावी गरिएको छ । पूर्वी नेपालमा यस खाले नाइटक्लव नहुँदा नेपालीहरु भारतको सिलिगडीसहितका विभिन्न सहरमा जाने गरेका थिए ।

## अनुसन्धान गर्दै औषधी व्यवस्था विभाग




झापा(प्रस) ।औषधी व्यवस्था विभागले गुणस्तरहीन औषधी आयात गरी विक्रीवितरण गर्ने सफल स्वास्थ्य सेवा कम्पनीमाथि अनुसन्धान अघि बढाएको छ । विभागले फार्मेसी अधिकृत सुपुष्प लामालाई छानविन गरी अनुसन्धान अघि बढाउन जिम्मेवारी दिएको छ ।

औषधी व्यवस्था विभागका महानिर्देशक नारायणप्रसाद ढकालले नेपालमा प्रतिबन्धित औषधी सफल स्वास्थ्य सेवाले बिक्री गरेको पाइएको जानकारी दिँदै थप अनुसन्धानका लागि सुपुष्प लामालाई संयोजक तोकेर छानविन गरिरहेको जानकारी दिए । उनले समितिले गुणस्तरहीन औषधी बिक्री गर्ने कम्पनीका व्यक्तिहरुलाई बोलाएर सोधपुछ, अनुसन्धान तथा छानविन गर्ने काम भइरहेको बताए ।

विभागले उजुरीको आधारमा एक साता अगाडि विभागको अनुगमन टोलीले कलंकीस्थित कम्पनीको कार्यालयमा छापा मार्दा गुणस्तरहीन जीवनरक्षक औषधी अनाधिकृत आयात गरी बिक्री गर्दै आएको पुष्टि भएको थियो ।

कलंकीस्थित सफल स्वास्थ्य सेवाले औषधी व्यवस्था विभागले प्रतिबन्धित गरेको औषधी नेपालमा ल्याएर अस्पतालहरुमा बिक्री गर्ने गरेको थियो । विभागको टोलीले जफत गरिएका कम्प्युटर लगायतका उपकरणबाट औषधी आयात गरिएको र विभिन्न अस्पतालमा वितरण गरिएको पत्ता लगाएको थियो ।

सफल स्वास्थ्य सेवा प्रालिले भ्यालेन्ट्रोन हेल्थ केयरद्वारा उत्पादित औषधी भ्लेक्जोन १ ग्राम गुणस्तरहीन भएपछि औषधी व्यवस्था विभागले आयात अनुमति नै रद्द गरेको थियो । आयात अनुमति पत्र रद्द भइसकेपछि एलसी मार्फत ठुलो परिमाणमा औषधी आइरहेको र बिक्री भइरहेको सूचना पाएपछि विभागले उक्त कम्पनीमा छापा मारेको थियो । विभागले छापा मार्दा एक लाख ६५ हजार १५ भाईल इन्जेक्सन मात्रै मौज्दात रहेको पाइएको थियो ।

औषधी व्यवस्था विभागले सफल स्वास्थ्य सेवा प्रालिले ल्याएको सो औषधीको विषयलाई सार्वजनिक सूचनाको रुपमा बाहिर ल्याउन सकेको छैन । ठुलो परिमाणमा औषधी आयात गर्न एलसी खोल्न पर्छ । तर यसका लागि आयात अनुमति पत्र अनिवार्य हुन्छ । औषधी व्यवस्था विभागले ल्याउन लागेको औषधीको गुणस्तर फेल भएका कारण सफल स्वास्थ्य सेवा प्रालिले नवीकरणका लागि दिएको अनुमति पत्र २१ जेठ २०८२ मा रद्द गरिदिएको थियो । सो कम्पनीले प्रभु बैंकको थानकोट शाखाबाट भ्लेक्जोन १ ग्राम आयातका लागि ३ असार २०८२ मा एलसी खोल्न सफल भएको छ । सामान्य त नवीकरण नभएको अनुमति पत्रका आधारमा बैंकले एलसी खोल्न मिल्दैन ।

## म्याजिक खाजाघरकी संचालिका उमाको 'म्याजिक'



बिर्तामोड(प्रस) । बिर्ताबजारमा धैरै खाजाघर छन् । तर, बिर्तामोड नगरपालिकाको अगाडि रहेको म्याजिक खाजाघरमै ग्राहकहरुको भीड लाग्ने गर्छ । आखिर किन त ? जवाफमा म्याजिक खाजाघरकी संचालिका उमा भण्डारी भन्छिन् ,' पहिलो कुरा हामी सरसफाईमा ध्यान दिन्छौं , दोस्रो प्याकेटको मसला प्रयोग गर्दैनौं, तेस्रो कुक राखेका छैनौं घरको जस्तै आफै पकाएर दिन्छौं ।'

संचालिका उमाको राम्रो स्वभावका कारणले गर्दा पनि धैरै ग्राहकहरु आकर्षित भएका हुन् । 'हसिलो स्वभाव र मीठो बोलीबचन' ग्राहकहरुले त्यही त खोजेका हुन्छन् । 'उहाँले हाँसेर खाजा दिनुहुन्छ , रिसाएको देखेको छैन ' एकजना ग्राहकले भने । म्याजिक होटलमा संचालिका उमासंगै उनका श्रीमान प्रकाश भण्डारी , छोरी उपना र तीनजना कामदार खटिएका छन् । श्रीमान् प्रकाश सरकारी जागिरे भएपनि खाली समयमा उनी होटलमा खटिन्छन् । प्रकाश विहान र बेलुका सहयोग गर्ने गर्छन् । नेपाली सेनाको हवल्दारबाट अवकाश पाएपछि उनी अहिले बिर्तामोड नगरपालिकामा कार्यरत छन् ।

यसअघि बिर्तामोडको शनिश्चरे रोडमा होटल व्यवसाय गरेका उनीहरुले तीन वर्षअघि भीमा सुवेदीबाट सो होटल किनेका हुन् । उनीहरुको होटलमा चिया खाजादेखि खानाको पनि व्यवस्था रहेको छ । ' भुटन चिउरा , झोल ममलगायत हरेक प्रकारका खाजासंगै लोकल थकाली खाना उपलव्ध छ ' संचालिका उमाले भनिन् ।

**खटाइ अनुसारको कमाइ**

म्याजिक खाजाघरको आम्दानी लोभलाग्दो छ । खाजा र खाना खानेहरुको भीड लागेपछि म्याजिक खाजाघरले राम्रो आम्दानी गरिरहेको हो । ' हामीकहाँ दैनिक ४०-५० जना खाना खाने ग्राहक छन् ,त्यस्तै खाजा खाने नियमित ग्राहकहरु पनि निकै छन् ' उमाले भनिन् । म्याजिक खाजाघरको दैनिक बिक्री १५ देखि २० हजारसम्म हुने गरेको छ । सबै खर्च कटाएर लगभग २ लाख नाफा हुने गरेको उनले सुनाइन् । गर्न चाहने र लगनशील भएर गर्ने हो भने नेपालमै बसेर व्यवसाय गर्नेहरुका लागि उमा एक उदाहरण बनेकी छन् ।

## राज्यकोषको रकम दुरुपयोग नगर्न मन्त्री मगरको आग्रह

मेचीनगर(प्रस) । कोशी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री रामबहादुर मगर (राम राना) ले राज्यकोषबाट हुने सवै खर्च ठीक ठाउँमा भए नभएको निगरानी गर्नु सवैको दायित्व भएको बताएका छन् । सोमबार झापाको मेचीनगर नगरपालिका वडा नम्बर– ६ स्थित काँकरभिट्टा बहुमुखी क्याम्पसको क्याम्पस विधान २०८० को बुँदा १३ अनुसार क्याम्पसको सर्वोच्च अंगको रुपमा रहेको क्याम्पस सभा, आठौं वार्षिक सभाको प्रमुख अतिथिको आसनबाट उद्घाटन गर्दै मन्त्री मगरले उक्त कुरा बताएका हुन् ।

पर्यटनका क्षेत्रमा होस् वा धार्मिक, भौतिक पूर्वाधारमा होस्




या शिक्षा स्वास्थ्यलगायतका विविध क्षेत्रमा राज्यले गरेको लगानी दुरुपयोग या सदुपयोग के भएको छ यसको मूल्याङ्कन गर्ने बेला आएको मन्त्री मगरको भनाई छ । आवश्यकता र मापदण्डका आधारमा हरेक विकास निर्माणका कार्य गर्नुपर्ने भन्दैं त्यसका लागि स्पष्ट नीति तयार गर्नुपर्ने मन्त्री मगरको जोड थियो ।

शिक्षा र स्वास्थ्यमा स्पष्ट नीति नभएकै कारण बेला बखत समस्या आउने गरेको भन्दैं मन्त्री मगरले सामाजिक क्षेत्रको नेतृत्व राजनीतिक दलका नेता कार्यकर्ताहरुले गरे पनि विग्रिने गरी गर्न नहुने स्पष्ट पारे ।

अब शिक्षामा कडाई गर्दै अघि बढ्नुपर्ने भन्दैं मन्त्री मगरले कोशी प्रदेशभरिका क्याम्पस हेर्ने जिम्मा प्रदेश सरकारको रहेको बताए । मन्दिर, मस्जिद, चर्च, गुम्बालगायतमा बजेट माग गरिए पनि शिक्षा क्षेत्रमा खासै बजेटको माग नहुने हुँदा यी क्षेत्रमा अत्यधिक बजेट विनियोजन हुने गरेको उनको भनाई थियो । अब हरेक क्षेत्रमा कुनै पनि नीति निर्माण गर्दा त्यसका विज्ञहरुले

❖ बाँकी तेस्रो पृष्ठमा

### खाटबाट लडेर शिवसताक्षीका लिम्बूको मृत्यु

झापा(प्रस)। खाटबाट लडेर झापा शिवसताक्षीका एक व्यक्तिको मृत्यु भएको छ । आइतवार राति ९.३० बजे शिवसताक्षी - ९ किरात चौक बस्ने ५० वर्षीय अनिल लिम्बूको खाटबाट लडेर मृत्यु भएको हो । आफ्नै घरको खाटमा सुतिरहेकोमा अचानक खाटबाट लडेर बेहोस भएका लिम्बूलाई उपचारको लागि बिर्तासिटी अस्पताल बिर्तामोडमा पुर्याई डाक्टरले चेकजाँच गर्दा मृत्यु भइसकेको थियो । उनलाई विगत ३-४ दिनदेखि ज्वरो आएको थियो । लिम्बू पहिलेदेखि नै सुगर र प्रेसरको बिरामी भएका कारण औषधि सेवन गर्दै आइरहेको र मृत्यु शंकास्पद नदेखिएको कारण स्थानीय जनप्रतिनिधिसंगको समन्वयमा अन्त्येष्टिका लागि मृतक परिवारले शव बुझिलगेको प्रहरीले जनाएको छ ।

### गौरादहका ऋषिदेव धान खेतमा मृत भेटिए



झापा(प्रस)। झापा गौरादहका एक व्यक्ति धान खेतमा मृत फेला परेका छन् । सोमवार बिहान ७.३० बजे गौरादह-९ लफादी बस्ने २९ वर्षीय आशिक रिख्यासन (ऋषिदेव)मित आमाको घरमा घिरौला लिन गएकोमा घरबाट ३ सय मिटर पूर्व आफ्नै धान खेतमा घोप्टो परि मृत अवस्थामा फेला परेका हुन् । उनका भतिज अरुण ऋषिदेव र बुहारी अरुणा ऋषिदेवले बिहान ११:३० बजे धान खेतमा मृत फेला पारी शव घरमा ल्याई राखेका थिए । प्रहरी टोली खटिएर कानुनी प्रकृयापश्चात् शवलाई पोष्टमार्टमको लागि आम्दा अस्पताल दमक पठाएको छ । मृतक ऋषिदेव सानैदेखि छारे रोगको बिरामी थिए । पहिला पनि कयौ पटक उनी लडेका थिए । उनको शरीरमा कुनै पनि चोट नदेखिएको प्रहरीले जनाएको छ ।

## भारत जाने श्रमिकलाई व्यवस्थित गरिँदै

झापा(प्रस) । सरकारले भारतमा काम गर्न जाने नेपाली श्रमिकको अधिकार संरक्षणका लागि छुट्टै कोष स्थापना गर्ने नीति अख्तियार गरेको छ । तेस्रो मुलुकमा कामका लागि बिदेसिने नागरिकका लागि व्यवस्था गरिएको वैदेशिक रोजगार कल्याणकारी कोष जस्तै उपयुक्त मोडेल निर्माण गरी क्रमशः आबद्ध गराउँदै लगिने नीति अघि सारिएको हो । राष्ट्रिय श्रम आप्रवासन नीति २०८२ मार्फत भारत जाने श्रमिकलाई पनि व्यवस्थित गर्ने नीतिगत व्यवस्था गरिएको हो ।

नीतिमा भारतमा रोजगारीका लागि जाने श्रमिकको विवरण राख्ने व्यवस्था गरेको छ । श्रम आप्रवासनलाई सुरक्षित, व्यवस्थित, मर्यादित र दिगो बनाउने उद्देश्यसाथ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले नीति बनाएर मन्त्रीपरिषद्बाट स्वीकृत पनि भइसकेको छ ।

श्रम मन्त्रालयका सहसचिव एवं प्रवक्ता डण्डुराज घिमिरेले आप्रवासन नीति कार्यान्वयनमा आएसँगै पहिलो पटक भारतमा काम गर्न जाने नेपाली श्रमिक श्रम आप्रवासन प्रणालीमा समेट्न खोजिएको छ । नीति अनुसार रोजगारीका लागि भारत जानेको विवरण स्थानीय सरकारले राख्नुपर्ने व्यवस्था छ । स्थानीय सरकारमार्फत नै भारत जाने नेपाली श्रमिकलाई सूचना तथा जानकारी प्रदान गरिने पनि व्यवस्था नीतिमा राखिएको छ । "नयाँ नीति कार्यान्वयन भएसँगै कुन पालिकाबाट कति श्रमिक कहिले भारत गए भन्ने यथार्थ विवरण पाउन सकिन्छ," उनले भने, "पालिकामा रहेका रोजगार सेवा केन्द्रमार्फत भारत काम गर्न जाने नेपाली श्रमिकको तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन गरिने छ ।"

नयाँ नीतिमा श्रम आप्रवासनमा स्वच्छ र न्यायोचित भर्ना छनोट प्रणाली अवलम्बन गर्ने, श्रम आप्रवासनसम्बन्धी प्रभावकारी सेवा प्रदान गर्ने व्यवसायीका लागि

❖ बाँकी अन्तिम पृष्ठमा

# कांग्रेसले कारबाही सिफारिस भएकाको पनि सदस्यता नवीकरण गर्ने

झापा(प्रस) ।नेपाली कांग्रेसले पार्टीमा अनुशासनको कारबाही सिफारिस गरिएकाहरूको पनि सदस्यता नवीकरण गर्ने भएको छ । महामन्त्री गगन थापा नेतृत्वको सदस्यता व्यवस्थापन समितिले पार्टी अनुशासन समितिलाई कारबाही दुई हजार १०० भन्दा बढी नेता कार्यकर्तालाई अनुशासनको कारबाही गर्न सिफारिस गरेका छन् । निर्वाचन सम्पन्न भएको तीन वर्ष पुग्दा पनि अनुशासन समितिमा परेका उजुरी फर्स्यौट नगरेपछि समितिले यस्तो



सिफारिस गरिएकाको पनि सदस्यता नवीकरण गर्ने निर्णय गरेको समिति सदस्य प्रकाश स्नेही रसाइलीले जानकारी दिए ।

कांग्रेसमा २०७९ सालको स्थानीय तह, प्रदेशसभा र प्रतिनिधिसभामा पार्टीका आधिकारिक उम्मेदवारविरुद्ध लागेको भन्दै पार्टीका विभिन्न तहले समितिले कारबाहीको सिफारिस गरेर र सम्बन्धित निकायले कारबाही गरेको खण्डमा मात्रै उसको सदस्यता निलम्बनमा राख्न त्यतिबेलै निर्णय गर्ने सहमति समितिमा भएको छ ।’ यसअघि कांग्रेसमा अनुशासनको कारबाही सिफारिस भएकाको सदस्यता नवीकरण हुँदैनथ्यो । तर अहिले धेरै नेता कार्यकर्ता अनुशासनको कारबाहीका लागि सिफारिसमा परेका तर अनुशासन समितिले निर्णय गर्न नसकेकाले सदस्यता व्यवस्थापन समितिले यस्तो निर्णय लिएको छ । निर्णय लिएको हो ।

‘अनुशासन समितिमा कारबाहीका लागि सिफारिसमा परेका तर अनुशासन समितिले अहिलेसम्म कारबाहीको निर्णय नगरेकाहरूको सदस्यता नवीकरण गर्ने निर्णय समितिले गरेको छ,’ पार्टी केन्द्रीय सदस्य समेत रहेका स्नेहीले भने, ‘अनुशासन

## कचनकवल स्तम्भबाट पाथिभरासम्म एकल साइकल यात्रा



झापा(प्रस) । झापा मेचीनगरका मिलनराजवंशीले आजदेखि नेपालको सबैभन्दा होचो स्थान कचनकवल स्तम्भबाट ताप्लेजुङ्ग पाथिभरासम्म एकल साइकलयात्रा शुरु गरेका छन् । सोमवार बिहान साइकलयात्री राजवंशीलाई कचनकवल गाउँपालिकाका अध्यक्ष कालेन्द्रप्रसाद सिंह राजवंशी, उपाध्यक्ष नवराज भट्टराई, कचनकवल-४ का वडाध्यक्ष नुरजामा मिया, भद्रपुर साइकल क्लबका अध्यक्ष जीवनकुमार श्रेष्ठलगायतले राजवंशीलाई बिदाई गरेका छन् । कार्यक्रम संयोजक कर्णबहादुर राजवंशीका अनुसार सो अवसरमा कचनकवलको पहिचान झल्कने सामग्री र टी-सर्ट प्रदान गरि साइकलयात्रीलाई शुभकामना दिइएको थियो । राजवंशीले “छोड लागूपदार्थ, जोड साहस, बढ अगाडि निरन्तर” भन्ने नारासहित नेपालको होचो भूभागलाई चिनाउने र युवालाई कुलतबाट बचाउने सन्देश दिने उद्देश्यले साइकल यात्रा सुरु गरेको जनाएका छन् ।

# लन्च भयो पहिलो फ्रिलेन्सिङ एप Yaha Chha




झापा(प्रस) । नेपालको पहिलो फ्रिलेन्सिङ एपको रुपमा yaha chha नामक एप लन्च गरिएको छ । व्यवसायी र फ्रिलेन्सरलाई जोड्ने माध्यमको रुपमा सेवा दिने गरी सो एप निर्माण गरिएको हो । व्यवसायीहरुलाई दक्ष जनशक्ति र सीप भएका युवाहरुलाई रोजगारी प्रदान गर्ने उद्धेश्यले सो एप निर्माण गरिएको निर्माण कम्पनीले जनाएको छ। रुट ड्युज सफ्टवेयर डेभलपमेन्ट प्रा.लि.ले निर्माण गरेको सो एप सोमवार बिर्तामोडमा एक कार्यक्रमका बीच बिर्तामोड नगरपालिकाका नगर प्रमुख पवित्रा महतारा प्रसाईले लन्च गरेकी हुन् । कार्यक्रममा बोल्दै एप निर्माण गर्ने रविन थापाले करिव दुई वर्ष लगाएर आफूहरुले सो एप निर्माण गरेको बताए । उनले सो एपको उपयोगिताका बारेमा जानकारी दिएका थिए । रुट ड्युज सफ्टवेयर डेभलपमेन्ट प्रा.लि.का सल्लाहकार रवि चापागाँईको अध्यक्षतामा भएको कार्यक्रममा कम्पनीका अध्यक्ष नविन भण्डारीले सो एपको औचित्यका बारेमा प्रकाश पारेका थिए ।

कार्यक्रममा नगर प्रमुख प्रसाई ,अर्जुनधारा ११ का वडा अध्यक्ष खगेन्द्र इङनाम , बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपाने , सिम्रिक बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष सुवास भट्टराई , नेपाल पत्रकार महासंघ झापाका उपाध्यक्ष सुब्रत न्यौपाने , बंगलादेशी नागरिक एलिस खानले लन्च गरिएको एपको सफलताको शुभकामना दिएका थिए । कार्यक्रमको संचालन संचारकर्मी रमेश तिवारीले गरेका थिए ।

## भारत...

प्रोत्साहन प्रदान गर्न मापदण्ड बनाई सोको कार्यान्वयन गर्न र गराउन प्रभावकारी अनुगमन संयन्त्र निर्माण गरिने उल्लेख छ ।

यसै गरी श्रम आप्रवासनमा जाने श्रमिकको भर्ना प्रक्रियालाई पारदर्शी, न्यायोचित र स्वच्छ बनाउन वैदेशिक रोजगार व्यवसायीलाई जवाफदेही बनाइने र श्रम आप्रवासनसम्बन्धी व्यवसायीले प्रदान गर्ने सेवाको अनुगमन सूचक तयार गरी निरन्तर अनुगमन गरिने तथा मूल्याङ्कनका आधारमा पुरस्कृत र दण्डित गरिने नीतिमा उल्लेख छ ।

नयाँ नीतिमा अनुगमन र मूल्याङ्कन प्रक्रियामा आवश्यकता अनुसार सरोकारवालालाई सहभागी गराइने उल्लेख छ । यसै गरी प्रदेशस्थित श्रम कार्यालय एवं प्रदेश र स्थानीय तहलाई आआफ्ना कार्यक्षेत्रभित्र सञ्चालित आप्रवासन सेवाको अनुगमन गर्ने जिम्मेवारी प्रदान गरिने पनि सरकारको नीति रहेको छ ।

नयाँ नीतिमा श्रमिकको आकस्मिक मृत्यु भएमा गन्तव्य मुलुकमा नै शवको पोस्टमार्टम गरिने एवं शव स्वदेश ल्याउने साथै राहत, बिमा क्षतिपूर्तिलगायतका सुविधा प्राप्त गर्ने प्रक्रियालाई थप सरलीकरण गरिने उल्लेख छ । यसै गरी श्रम स्वीकृतिको म्याद सकिएका आप्रवासी श्रमिकको पुनः श्रम स्वीकृति श्रमिक कार्यरत देशस्थित नेपाली दूतावासबाट दिने व्यवस्था मिलाइने उल्लेख छ । नीतिमा आप्रवासी श्रमिकको मानव अधिकारको संरक्षण एवं लैङ्गिकताका आधारमा हुन सक्ने सबै किसिमका जोखिम न्यूनीकरण गर्ने र श्रम आप्रवासनका क्षेत्रमा पेसा तथा लैङ्गिकताका आधारमा हुने सबै प्रकारका विभेद र शोषणको अन्त्य गर्ने समेटिएको छ ।

श्रम आप्रवासनबाट फर्किएका श्रमिकलाई स्थानीय तहमार्फत उद्यमशीलता विकास तथा सिप अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिने र श्रम आप्रवासनबाट फर्किएका महिला श्रमिकका समस्याको विश्लेषण गरी पुनर्स्थापनाका लागि विशेष कार्यक्रम सञ्चालन गरिने पनि नीतिमा उल्लेख छ । अन्तर्राष्ट्रिय श्रम बजारको माग अनुसार सिपयुक्त जनशक्ति विकास गर्ने र वैदेशिक रोजगारीबाट फर्केका श्रमिकको ज्ञान, सिप र पुँजीलाई उत्पादनमूलक क्षेत्रमा लगाउन दिगो पुनः एकीकरणका कार्यक्रम सञ्चालन गरिने नीतिमा उल्लेख छ ।

# अफगानिस्तानमा भूकम्पमा परी मृत्यु हुनेको संख्या ६२२ पुग्यो

झापा(प्रस) । अफगानिस्तानमा भूकम्पमा परी मृत्यु हुनेको संख्या ६२२ जना पुगेको छ। नङ्गरहार प्रान्तको जलालावाद सहरबाट १७ किलोमिटर उत्तरपूर्वी भूभागलाई केन्द्रविन्दु बनाएर आइतबार राति ११:४७ बजे ६ म्याग्निच्युडको भूकम्प गएको हो।

सोमबार दिउँसोसम्म मृत्यु हुनेको संख्या ६२२ पुगेको अन्तर्राष्ट्रिय समाचार संस्था रोयटर्सले जनाएको छ।

घाइतेको संख्या पनि बढेर १५ सय नाघेको तालिबान सरकारको आन्तरिक मामिला मन्त्रालयले जनाएको छ।

पाकिस्तानसँग सिमानजिकै भूकम्पको केन्द्रविन्दु भएकाले धक्का पाकिस्तानको राजधानी इस्लामावादसम्म महसुस गरिएको थियो। अफगानिस्तानकै राजधानी काबुलसम्म पनि कम्पन महसुस भएको थियो।

भूकम्पले ग्रामीण बस्तीहरू तहसनहस बनाएको छ। कुनार र नङ्गरहार प्रान्तमा मानवीय र भौतिक क्षति बढी भएको छ। रोयटर्सका अनुसार कुनारमा मात्रै ६१० जनाको मृत्यु भएको छ। १२ जना नङ्गरहारका छन्।

तालिबान सरकारको रक्षा मन्त्रालयले ४० वटा हेलिकप्टर उद्धारका लागि पठाइएको जनाएको छ। ४० वटा उडानबाट ४२० जनाको उद्धार गरिएको बताइएको छ।

भूकम्पले ग्रामीण इलाकामा क्षति पुऱ्याएकाले विवरण पनि ढिलो प्राप्त भएको भनेर तालिबानलाई उद्धृत गरेको छ।

भूकम्पले धेरै प्रभाव पारेको क्षेत्रमा उद्धारका लागि सडकबाट जाने अवस्था नरहेको भनेर तालिबान सरकारले अन्तर्राष्ट्रिय सहयोगको आह्वान गरेको छ।

राति ६ म्याग्निच्युडको भूकम्पपछि लगत्तै आएको ५ म्याग्निच्युडभन्दा बढी तीव्रताको परकम्पले थप क्षति पुऱ्याएको बताइएको छ। त्यसपछि पनि साढे ४ म्याग्निच्युडभन्दा बढी तीव्रताका कैयौँ परकम्प महसुस भएका थिए। यसअघि सन् २०२२ मा पूर्वी अफगानिस्तानमा ५.९ म्याग्निच्युडको भूकम्प जाँदा एक हजार जनाको मृत्यु भएको थियो।


## विराट बहुउद्देश्यीय सहकारी संस्था लि.

विर्तामोड न.पा.(३, सैनिकमोड झापा

फोन नं.०२३-५३०८५३/५३४५५०

### ऋण बुझाउने सम्बन्धी ७ दिने सूचना

तेस्रो पटक प्रकाशित मिति : २०८२/०५/१७

यस विराट बहुउद्देश्यीय सहकारी संस्था लि.बाट कर्जा कारोवार गर्ने तपशिल बमोजिमका ऋणी सदस्यहरुले संस्थामा बुझाउनुपर्ने साँवा तथा ब्याज नियमित नबुझाएको व्यहोरा यसअघि नै ३५ दिने र १५ दिने सूचनामार्फत ऋण रकम बुझाउन पटक-पटक जानकारी गराउँदा पनि अटेर गरि हालसम्म आफूले तिर्नु, बुझाउनुपर्ने सम्पूर्ण साँवा तथा ब्याज रकम चुक्ता नगरेको हुँदा उक्त रकम तिर्न बुझाउन राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले अन्तिम पटक पुनः ७ दिनभित्रमा यस संस्थामा सम्पर्क राखी सम्पूर्ण साँवा तथा ब्याज रकम चुक्ता गर्नुहुन सूचित गरिन्छ ।

अन्यथा तोकिएको समयभित्र ऋण रकम नबुझाएमा ऋणको सुरक्षण वापत संस्थामा रहेको धितो वा एकाघर परिवारको चल-अचल सम्पत्तिबाट सहकारी ऐन २०७४, नियमावली २०७५, प्रदेश सहकारी ऐन २०७६, नियमावली २०७६, संस्थाको विनियम २०७२, ऋण नीति २०७८ तथा नेपाल सरकारको प्रचलित कानून बमोजिम ऋण असुलका लागि लिलामी प्रक्रिया अगाडि बढाउने कुरा यसै सूचनामार्फत अन्तिम पटक अवगत गराइन्छ ।

तपशील

| क्र.सं. | ऋणीको विवरण | धितो विवरण |
|---|---|---|
| १ | ऋणीको नाम : पुण्य प्रसाद प्रसाई<br>ठेगाना : विर्तामोड-३, झापा<br>ना.प्र.नं. ०१२८,१०९९<br>बाबुको नाम : विष्णु प्रसाद प्रसाई<br>बाजेको नाम : जनकलाल प्रसाई<br>पत्नीको नाम : पुष्पादेवी प्रसाई | क) जग्गाधनीको नाम : गुञ्जन प्रसाई<br>जग्गाधनीको बाबुको नाम : पुण्य प्रसाद प्रसाई<br>जग्गा रहेको ठेगाना : डाँगीबारी-६, झापा<br>कि.नं. : १४६ क्षेत्रफल : ५०७.९३<br>जग्गा रहेको ठेगाना : अनारमनी-५, झापा<br>कि.नं. : ५७३ क्षेत्रफल : ६२६.४०<br>ख)) जग्गाधनीको नाम : पुण्य प्रसाद प्रसाई<br>जग्गाधनीको बाबुको नाम : विष्णु प्रसाद प्रसाई<br>जग्गा रहेको ठेगाना : अनारमनी-५, झापा<br>कि.नं. : ५७१ क्षेत्रफल : १५२.३७ |
| २ | नाम : गुञ्जन प्रसाई<br>ठेगाना : विर्तामोड-३, झापा<br>ना.प्र.नं. ०४१०१२/३२१<br>बाबुको नाम : पुण्य प्रसाद प्रसाई<br>बाजेको नाम : विष्णु प्रसाद प्रसाई<br>पत्नीको नाम : कृष्ण माया प्रसाई | क) जग्गाधनीको नाम : पुण्य प्रसाद प्रसाई<br>जग्गाधनीको बाबुको नाम : विष्णु प्रसाद प्रसाई<br>जग्गा रहेको ठेगाना : गरामनी-३, झापा<br>कि.नं. : २३७ र २३८ क्षेत्रफल : ४०.३७ र ३२५.००<br>ख) जग्गाधनीको नाम : गुञ्जन प्रसाई<br>जग्गाधनीको बाबुको नाम : पुण्य प्रसाद प्रसाई<br>जग्गा रहेको ठेगाना : गरामनी-३, झापा<br>कि.नं. : ४३० र ४३१ क्षेत्रफल : १०१.५८ र ५९२.४२ |



## श्री भानुभक्त कृषि सहकारी संस्था लि.

झापा गाउँपालिका-३ ,झापा

### ऋणीलाई ऋण चुक्ता गर्न आउने बारे अन्तिम अवसरसहितको ३५ दिने अत्यन्त जरुरी सूचना

प्रथम पटक प्रकाशित मिति- २०८२/०५/१७

यस संस्थाको तपशिलमा उल्लेखित तपाई ऋणीहरुले यस सहकारीबाट विभिन्न शिर्षक अन्तर्गत लिएको ऋणको भुक्तानी सम्बन्धमा सहकारीसंग गरेको सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज र अन्य दस्तुर आदि नतिरी नबुझाई सहकारीसंग भएको ऋण सम्बन्धीको शर्त-बन्देजहरु उल्लंघन गर्नु भएकाले, तपाईहरुले ऋणलगायत संस्थाको लेना रकम पूर्ण रुपमा भुक्तान गर्न पटक पटक विभिन्न माध्यमबाट तार ताकेता गर्दा समेत ऋण चुक्ता ,भुक्तानी गर्नतर्फ कुनै चासो नदेखाई ताकेता गर्दा समेत वेवास्ता गर्नु भएको कारण ऋण चुक्ता भुक्तान गर्न आउनेबारे ३५दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस संस्थामा सम्पर्क राखी आफूले लिएको ऋणको भुक्तान गर्न बाँकी सम्पूर्ण रकम भुक्तान गर्नु होला, अन्यथा उक्त मितिपछि सहकारी ऐन २०७४ ,सहकारी नियमावली २०७५ ,कोशी प्रदेश सहकारी ऐन २०७६ र संस्थाको विनियम ऋण नीति कार्यविधि तथा प्रचलित कानुन र यस संस्थासंग तपाईहरुले ऋण लिँदाका बखत गरेको सम्झौता अनुसार कानुनी कार्वाही गरि धितोमा दिएको चल अचल सम्पत्ति लिलाम विक्री गरी संस्थाको लेना रकम असुल उपर गरिने छ । धितोकों चल अचल सम्पत्तिबाट लेना रकम असुल उपर हुन नसकेमा सहकारी ऐन, नियमावली र प्रचलित कानुन बमोजिम ऋणी र जमानीलाई सम्मानीत जिल्ला अदालतमा मुद्धा दर्ता गरी, थप सम्पत्ति रोक्का राखी वा अन्य कुनै उपयुक्त ब्यवस्था गरी संस्थाको लेना रकम असुल गरिने छ भने प्रचलित कानून कानुन बमोजिम कालो सूचीमा नाम समावेश गर्ने प्रकृया समेत अघि बढाइने ब्यहोरा ऋणी, जग्गाधनी ,ब्यक्तिगत जमानीकर्ता तथा सम्पूर्ण सरोकारवालाहरुलाई समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

तपशिल

| क्र. सं. | ऋणीको नामथर | ठेगाना | नागरिकता नं. /जारी मिति | तीनपुस्ते विवरण | धितो सुरक्षण विवरण | शेयर दर्ता नं. |
|---|---|---|---|---|---|---|
| १ | अब्दुल हकिम मियाँ | साबिक टाँघनडुब्बा - ३ , हाल झापा गाउँपालिका- ७ | ०४०३०३७/५५७ झापा | बाजे : महमद हुसैन<br>बाबु-नौसाद अली मियाँ<br>पत्नी : अहेदा बिबी | साबिक टाँघनडुब्बा-३, हाल झापा गाउँपालिका - ७<br>सिट नं. १७९/०६३० कि.नं. : १०६, क्षेत्रफल : ०३७३,००<br>साबिक टाँघनडुब्बा ८ को सिट नं. १७९/०५९० को कि. नं. ३७०, क्षेत्रफल १६९३,१५ | ३९८ |
| २ | कृष्णराज काकी | साबिक टाँघनडुब्बा-७, हाल झापा गाउँपालिका- ३ | १७१०/३६०८२ संखुवासभा | बाजे : बंशध्वज कार्की<br>बाबु-दलबहादुर कार्की | साबिक टाँघनडुब्बा-७, हाल झापा गाउँपालिका- ३<br>सिट नं. १७९/०५९१ कि.नं. : ४९८, क्षेत्रफल : ०६७७,२६ | यामबहादुर कार्की ६४७/१५९६ |

श्री भानुभक्त कृषि सहकारी संस्था लि.

झापा गाउँपालिका-३, झापा



## आत्महत्या समस्याको समाधान होइन ।

आत्महत्याका प्रमुख कारणः

- मानसिक तनाव, डिप्रेशन वा निराशा,
- पारिवारिक झगडा वा सम्बन्ध विच्छेद र प्रेममा असफलता,
- बेरोजगारी, आर्थिक संकट र ऋण लाग्नु,
- हिनताबोध, आवेश र घुर्की देखाउनु,
- व्यक्तिगत र पारिवारिक इच्छा, आकांक्षा पूर्ती हुन नसक्नु,
- सोचे अनुसार सफलता प्राप्त नहुनु,
- सामाजिक बहिष्कार वा दुव्यवहार आदि ।

रोकथामका उपायः

- आफन्त, साथी वा विश्वासिलो व्यक्तिसँग समस्या साटासाट गरौं,
- तनाव वा समस्या परेमा मनोचिकित्सक वा परामर्शकर्ताको सहयोग लिऔं,
- आत्महत्याको सोच आएमा तत्काल परिवारका सदस्यलाई बताऔं वा सहायता केन्द्रमा सम्पर्क गरौं,
- तनाब र निराशामा रहेका व्यक्तिको समस्या सुनौं र सहयोग गरौं ।

"एक-अर्काको सहारा बनौँ, आत्महत्या होइन समाधान खोजौं"

नेपाल सरकार विज्ञापन बोर्ड


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# भूमि विधेयकको आवश्यकता

विधेयक कार्यान्वयनमा आएपछि भूमि सम्बन्धमा बसौंदेखि आएका समस्या समाधान हुने छन् । समितिमा सहमति जुटाएपछि प्रतिनिधि सभाले विधेयक पारित गरेको थियो । अब पारित विधेयक राष्ट्रिय सभामा पठाइने छ । फरक प्रयोजनका लागि उद्योग, प्रतिष्ठानलगायतका नाममा हदबन्दी छुट लिइएको जग्गा आवास एकाइ विकसित गरी बिक्री गर्न नदिने गरी विधेयक पारित भएको छ । सरकारले बिक्री गर्न दिने प्रस्ताव गरे पनि प्रतिनिधि सभाको कृषि सहकारी तथा प्राकृतिक स्रोत समितिले उक्त बिक्री बन्देज गर्ने गरी विधेयकको प्रतिवेदन तयार पारेको थियो । सोही अनुसार सभाले विधेयक पारित गऱ्यो । अब जुन प्रयोजनका लागि छुट स्वीकृत लिएको हो सोबाहेक अन्य व्यावसायिक प्रयोजनका लागि बिक्री हुन नसक्ने व्यवस्था गरिएको छ ।

भूमि ऐनको आठौँ संशोधन र लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐन संशोधनको व्यवस्था अनुसार छुट नियमनको स्वीकृति लिएको हकमा घडेरी तथा घर बनाई बेच्न दिने प्रस्ताव सरकारले गरेको थियो । भूमि ऐनको आठौँ संशोधनपछि उद्योग, प्रतिष्ठानहरूले स्वीकृत नलिई खरिद गरेको जग्गा औचित्य पुष्टि गर्ने निवेदनसहित छुटलाई नियमनको व्यवस्था गरिएको थियो । लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐन संशोधनका क्रममा त्यस्तो जग्गा नियमनका लागि थप छ महिना समय दिएको थियो । त्यसरी प्राप्त निवेदन तोकिएको दस्तुर लिएर स्वीकृतको व्यवस्था लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐन संशोधनबाट गरिएको थियो । सरकारले ल्याएको मूल विधेयकमा त्यस्तो जग्गा घरघडेरीका रूपमा बिक्रीको विकल्प खोल्ने प्रस्ताव गरिएको थियो । समितिले स्वीकृत मात्र नभई निवेदन प्राप्त भएको हकमा पनि घरघडेरी बनाएर बिक्री गर्ने कार्यलाई पारित विधेयकले रोक लगाएको छ । कृषि उद्योगलगायतको प्रयोजनका लागि छुट स्वीकृत लिएको जग्गामा घरजग्गा व्यवसाय तथा आवास एकाइ निर्माण गरी बेचबिखन गर्न नपाउने गरी विधेयक पारित भएको छ । हदबन्दीभन्दा बढी जग्गा राख्न परियोजना प्रतिवेदन र वातावरणीय प्रभाव मूल्यात्कन अनिवार्य गरिएको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष स्थापना तथा विस्तारका क्रममा विस्थापित भएकाले सट्टा भर्ना पाउने बाँकी रहेको परिवारलाई एक पटकका लागि बसोबासकै स्थान वा तोकिएको ठाउँमा जग्गा उपलब्ध गर्ने व्यवस्था गरिएको छ ।

प्रमुख प्रतिपक्षी नेकपा (माओवादी केन्द्र) र जसपा नेपालका सांसदले भने विधेयकको आलोचना गरेका छन् । विधेयकबाट अपेक्षित वर्गले लाभ हासिल नगर्ने उनीहरूको दाबी छ । यो विधेयकमा संवैधानिक विश्लेषण गरिएको छैन, जल, जङ्गल, जमिनमा पर्ने असरको अध्ययन नगरी भूमाफियालाई लाभ पुग्ने गरी आएको उनीहरूको जिकिर छ । सरकारले गत कात्तिकमा भूमि आयोग गठन गरेको थियो तीन वर्षको समयावधि रहेको आयोगको करिब १० महिनाको समय बितिसकेको छ । हालसम्म १७ पटकसम्म भूमि आयोग बनेर पनि जग्गा समस्या समाधान हुन नसकेको अवस्थामा तत्कालै यो समस्या समाधान गर्नुपर्ने छ । यसअघि अध्यादेश ल्याउँदाकै बखत कांग्रेसले विधेयकबारे असन्तुष्टि राखेको थियो ।




# संविधानसँग बाझिने प्रदेश विधेयक



• रामजी दाहाल

विसं २०६२/६३ को राजनीतिक परिवर्तनको ऐतिहासिक उपलब्धि हो, नेपालको संविधानको प्रस्तावनामा उल्लेख गरिएको पूर्ण प्रेस स्वतन्त्रतासम्बन्धी व्यवस्था । यसरी संविधानमै पूर्ण प्रेस स्वतन्त्रता उल्लेख गर्नुका पछाडि केही कारण छन् । संविधानका धारामा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको व्यवस्था यसअघि नै नेपाल अधिराज्यको संविधान, २०४७ मा गरिएको थियो तर १९ माघ २०६१ मा राजा ज्ञानेन्द्रको शाही घोषणासँगै संविधानको धारामा उल्लेख गरिएको भए पनि प्रेस स्वतन्त्रतामाथि हस्तक्षेप हुन पुग्यो । सो घोषणासँगै पत्रकारका गतिविधिमाथि कडा निगरानी सुरु भयो भने सञ्चार गृहमा हतियारसहितका सेना र प्रहरी तैनाथ गरियो । सञ्चार माध्यमका समाचार कक्ष बन्दुक तेर्स्याएर बसेका सेनाको कब्जामा थिए । प्रेसमा छाप्न पठाउने तयारी अवस्थाका समाचार सामग्रीलाई त्यहाँ सम्पादकका रूपमा खटिएका सेनाले कसरी कैँची लगाएका थिए भन्ने कुरा १-१५ फागुन २०६१ को हिमाल खबरपत्रिकामा कनकमणि दीक्षितको शाही घोषणा र अन्तर्राष्ट्रिय प्रतिक्रिया शीर्षकको विश्लेषणात्मक सामग्री हेर्दा प्रस्ट हुन्छ । जुन राजा ज्ञानेन्द्रको शासनकालमा प्रेस स्वतन्त्रताको अवस्थासम्बन्धी अध्ययन अनुसन्धान गर्नेका लागि ज्यादै उपयोगी सामग्री हुने छ । सञ्चारसम्बन्धी अध्यादेश जारी गरेर तत्कालीन सरकारले स्वतन्त्र प्रेसको घाँटी निमोठ्ने काम गरेको थियो । यी र यस्ता घटनासँगै स्वतन्त्रताका पक्षधर पत्रकार आफ्ना पेसागत र व्यावसायिक मुद्दा थाती राखेर गणतन्त्रको पक्षमा हरेक दिन सडक सङ्घर्षमा उत्रिएका थिए । सडक आन्दोलनको अगुवाइ पत्रकारले नै गरेका थिए । यसो हुँदा राजधानीको केन्द्र भागबाट पर पुगेका राजनीतिक दलका नेताहरूलाई केन्द्रमा प्रदर्शन गर्नका लागि बल मिलेको थियो । जतिबेला आन्दोलनको कमाण्ड समाल्नुभएको थियो नेपाली कांग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले । आन्दोलनको माग अनुसार ११ वैशाख २०६३ मा राजा ज्ञानेन्द्रले विघटित प्रतिनिधि सभा पुनर्स्थापनाको घोषणा गरेपछि पत्रकारबिच पूर्ण प्रेस स्वतन्त्रताको चर्चा सुरु भएको हो । लोकतन्त्र प्राप्तिको आन्दोलनमा पत्रकारको उल्लेख्य योगदानको उच्च मूल्याङ्कन गर्दै तत्कालीन प्रधानमन्त्री कोइरालाकै पहलमा नेपालको अन्तरिम संविधान, २०६३ मा पहिलो पटक पूर्ण प्रेस स्वतन्त्रताको व्यवस्था गरिएको हो । त्यसैलाई निरन्तरता दिँदै २०७२ मा जारी गरिएको नेपालको संविधानमा पूर्ण प्रेस स्वतन्त्रता उल्लेख गरिएको छ ।

लोकतन्त्र पुनर्स्थापना लगत्तै मुलुकमा प्रेस स्वतन्त्रताको जे जस्तो कल्पना गरिएको थियो, त्यस अनुसार सरकारी व्यवहार हुनु त कता हो कता कानुन बनाएर नागरिकको बोल्न, लेख्न तथा फरक विचार राख्न पाउने अधिकारमाथि अङ्कुश लगाउन प्रयास भएको पाइन्छ । जबकि यी भनेका नागरिकका मौलिक अधिकार हुन् । संविधानले नै यस्ता अधिकार दिएको छ । अभिव्यक्ति स्वतन्त्रताका पक्षपातीको सङ्गठित विरोधको बेवास्ता गर्दै सङ्घीय सरकारले अभ्यास गरेका प्रेस स्वतन्त्रता विरोधी कानुनको सिको गर्दै प्रदेश सरकारले पनि कानुनको मसौदा तयार गरेका छन् । पछिल्लो समय स्वतन्त्र प्रेसको घाँटी निमोट्ने दिशामा अग्रसर देखिएको छ, कोशी प्रदेश सरकार । संविधानले ग्यारेन्टी गरेको प्रेस स्वतन्त्रता विरोधी प्रावधानसहितको प्रदेश सरकारले ल्याएको कोशी प्रदेश आमसञ्चारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ संशोधनको माग गर्दै पत्रकार र सञ्चारसम्बद्ध निकाय आन्दोलित भएपछि कोशी प्रदेश सरकार निर्णयबाट एक कदम पछाडि हट्न बाध्य भएको छ । संसदीय समितिमा सहमति जुटाएपछि प्रदेश सभामा पेस भएको विधेयक १३ भदौमा पारित गर्ने तयारी हुँदै थियो । विधेयकमा समावेश गरिएका प्रावधानप्रति सञ्चारसम्बद्ध निकायको असन्तुष्टिका कारण सरकारले विधेयक स्थगित गरेको मात्र हो, फिर्ता लिएको होइन । यसको अर्थ सरकारले जुनसुकै बखत सो विधेयक अगाडि बढाउन सक्छ तर पनि यो घटनापछि पर्याप्त छलफलबिना पारित गर्ने कार्यसूचीमा विधेयक राख्नका लागि त्यति सहज भने देखिँदैन । जुन विधेयक १८ माघ २०८१ मा प्रदेश सभामा दर्ता भएको थियो । २७ माघमा प्रदेश सभाको बैठकमा भएको भोलिपल्टदेखि सैद्धान्तिक छलफल सुरु भएको थियो । प्रदेश सभाले ९ फागुन २०८१ मा संशोधन प्रस्तावसहित दफावार छलफलका लागि न्याय, प्रशासन तथा विधायन समितिमा पठाएको थियो ।

प्रदेश सभामा छलफलका क्रममा १३ वटा संशोधन दर्ता भएपछि थप छलफलका लागि न्याय, प्रशासन तथा विधायन समितिमा पठाइएको थियो । समितिले कारबाही र जरिवानाको थप प्रावधानसहितको प्रतिवेदन तयार पारेपछि त्यसको विरोध सुरु भएको हो । कारबाही र जरिबानाको तरबार तेर्स्याएर प्रदेश सरकारले पत्रकारको कलम बन्द गराउने प्रयास गरेको प्रस्ट देखिन्छ । जबकि राज्यका कुनै पनि निकायबाट भए गरेका बदमासी र गलत प्रवृत्तिविरुद्ध खबरदारी गर्नु पत्रकारको व्यावसायिक धर्म नै हो तर प्रदेश सरकारले पत्रकारलाई कसरी कमजोर बनाउने प्रयास गरेको छ भने ‘कोशी प्रादेशिक सञ्चार प्रतिष्ठान’ गठन गर्नेसम्बन्धी प्रदेशको न्याय, प्रशासन तथा विधायन समितिले पारित गरी ६ भदौमा प्रदेश सभामा पेस गरिएको संशोधित विधेयकमा प्रतिष्ठान अध्यक्षको नियुक्ति हुँदा कुनै राजनीतिक दलको सदस्य नरहेको हुनुपर्ने यसअघिको प्रस्ताव हटाइएको छ । यसबाट प्रतिष्ठानलाई राजनीतिक भर्ती केन्द्र बनाउन खोजिएको प्रस्ट हुन्छ । प्रतिष्ठानमा प्रदेश सरकारले नियुक्त गरेको अध्यक्ष र सदस्यसहित ११ सदस्यीय समिति हुने प्रस्ताव गरिएको छ । सदस्यमा नेपाल पत्रकार महासङ्घ कोशी प्रदेश समितिका अध्यक्ष वा अध्यक्षले तोकेका प्रतिनिधि एक जना, प्रदेश सरकारले नियुक्त गरेका कम्तीमा दुई महिलासहित सात जना, आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा सूचना तथा सञ्चार महाशाखाका उपसचिव पदेन सदस्य र प्रदेश प्रेस रजिस्ट्रार सदस्यसचिव रहने उल्लेख छ । प्रतिष्ठानलाई स्वायत्त निकाय भनिए पनि कोशी प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालय मातहतको एक प्रशासनिक एकाइभन्दा माथि यसको हैसियत देखिँदैन । मिडिया काउन्सिल विधेयक जस्तै सदस्य सचिव (प्रेस रजिस्ट्रार) लाई कार्यकारी अधिकार दिने प्रस्ताव गरिएको छ । यसो हुँदा अध्यक्ष नाम मात्रको हुने पक्का छ । प्रदेशमा सञ्चालन हुने १०१ देखि हजार वाटसम्मको एफएम रेडियो तथा केबुल टेलिभिजन र पत्रपत्रिका सञ्चालनको अनुमति दिने, नवीकरण गर्ने, वर्गीकरण गर्ने, अभिलेख राख्ने, पत्रकार तथा मिडिया संस्थालाई सजाय गराउने र मुद्दाको किराना लगाउनेसम्मको अधिकार प्रेस रजिस्ट्रारलाई दिइएको छ । प्रेस स्वतन्त्रता नियन्त्रणमुखी यो विधेयकमा कतिसम्म कमजोरी देखिन्छ भने पत्रकारको हकहितका लागि स्थापना गर्न लागिएको प्रदेश स्तरीय यो संस्था पत्रकारिताको गुणस्तर वृद्धिमा कहीँकतै बोलेको पाइँदैन । जबकि यस्तो संस्थाले पत्रकारको क्षमता वृद्धि गर्ने र प्रोत्साहन गर्ने प्रस्ट योजना अगाडि सार्नु पर्दथ्यो । त्यतातिर यो विधेयक पूर्ण रूपले चुकेको देखिन्छ ।

आमसञ्चार विधेयकमा आचार संहिता उल्लङ्घन गर्ने रेडियो, टिभी र पत्रकारलाई २५ हजारदेखि डेढ लाख रुपियाँसम्मको जरिबाना तोकिएको छ तर हालै विधायन समितिले पारित गरेको संशोधनमा प्रदेश सरकार र मातहतले दिने सुविधा रोक्ने, विज्ञापनलगायत सेवासुविधा उपलब्ध नगराउने वा कालोसुचीमा राख्ने वा बढीमा एक लाखसम्म तोकिएबमोजिम जरिबाना हुने व्यवस्था थप गरिएको छ । जबकि पत्रकार आचारसंहिता उल्लङ्घन भएमा सम्बन्धित सञ्चार माध्यमलाई सचेत गराउने हो तर लाखौँको जरिबाना तोकेर कानुन ल्याउनुका पछाडि सरकारको नियतमै खोट देखिन्छ । अर्थात् यसो गरेर पत्रकार र सञ्चार माध्यमलाई आफ्नाविरुद्धमा लेख्न र बोल्न रोक लगाउने सरकारी नियत प्रस्ट हुन्छ । सरकारका बदमासीलाई खबरदारी गर्नेलाई दण्ड जरिबाना गराउने यस्ता कार्यले पत्रकार र सिङ्गो पत्रकारिता पेसालाई थप कमजोर बनाउने निश्चित छ । त्यस कारण प्रेस स्वतन्त्रताको सुनिश्चितताका लागि यस्ता कुनै पनि प्रावधान राखिनु हुँदैन । प्रदेश सभाबाट पारित गर्ने अन्तिम तयारीमा पुगेको यो विधेयक तत्कालका लागि स्थगित भएको छ । आन्तरिक मामिला मन्त्रालयले सरोकारवाला सबै पक्षसँग यसबारे पर्याप्त छलफल गर्नु पर्छ । धेरै हतार नगरी सरोकारवालासँग छलफल गरी प्राप्त फिडब्याकका आधारमा विधेयकलाई अन्तिम टुङ्गोमा पुऱ्याउँदा संविधानको प्रस्तावनामा उल्लेख गरिएको पूर्ण प्रेस स्वतन्त्रताको पनि एकैसाथ सम्मान हुने छ । यो दिशामा कोशी प्रदेश सरकार र यसको नेतृत्व मात्र होइन, सिङ्गो कोशी प्रदेश सभा गम्भीर हुनै पर्छ ।

# निजी शिक्षाको गुठीकरण



• डा.श्रीराम न्यौपाने

नेपालमा नयाँ शिक्षा नीति २०२८ ले शिक्षामा निजी क्षेत्रलाई प्रवेश गराएको हो । सुरुमा फाट्टफुट्ट देखा परेको यो प्रजातन्त्रको पुनर्स्थापनापछि अस्वाभाविक रूपमा बढ्यो । नाफामूलक हुनाले गुठीमा भन्दा कम्पनीमै आकर्षण देखियो । अनुगमन नहुने, पूर्वाधार पूरा नगरे पनि हुने, खासै कर नलाग्ने र लेखापरीक्षण पनि स्वैच्छिक बनाइएकाले मध्यम र उच्च वर्गका सञ्चालकहरू यसतर्फ आकर्षित भए । अहिले त सहर, बजार, टोल अनि गाउँबस्तीमा निजी शैक्षिक संस्थाहरू बग्रेल्ती भेटिन्छन् ।

राज्यले त्यही नीतिमा विभिन्न संशोधन गर्दै अनि आयोगका सुझावको आंशिक उपयोग गर्दै निजी शिक्षालाई जन्मने, हुर्कने र फैलने अनुकूल वातावरण दिँदै आयो । मूलतः निजीकरण, उदारीकरण, खुला बजार तथा स्वस्थ प्रतिस्पर्धात्मक आर्थिक नीतिकै कारण दलहरूको निजी शिक्षालाई हेर्ने पूर्वदृष्टिकोण पनि बदलियो । राजनीतिक अस्थिरता त थियो नै त्यसमा पनि शिक्षालाई सबैले कम महत्व दिँदै आए । नीतिहरू फितला भए । गुठीकरण, शुल्क निर्धारण, पाठ्यक्रम आदिसम्बन्धी मापदण्ड निर्धारण भए पनि कार्यान्वयन हुन सकेनन् । यसले सरकार हार्ने र निजीले पेल्दै लैजाने अवस्था सिर्जना भयो ।

बेरोजगारी र अस्पष्ट राज्यप्रणालीको फाइदा उठाउँदै निजी शिक्षा सस्तो जनशक्ति र कम लगानीबाट असीमित मुनाफा आर्जनतर्फ आकर्षित भइरह्यो । यसलाई कमजोर सामुदायिक शिक्षाले अप्रत्यक्ष रूपमा सघाइरहे । वित्तीय संस्था, उद्योगी, व्यापारी, रियलस्टेट आदिले उच्च लगानी गर्न थाले । यस्ता शैक्षिक संस्थाको शेयरमा उच्च वृद्धि भयो र महँगोमा खरिदबिक्री प्रक्रिया चल्यो । राजनीतिकर्मी पनि यसतर्फ आकर्षित भए । निजी शिक्षाबाटै उदाएका स्वघोषित बुद्धिजीवीले सांसद, मन्त्री अनि अन्य उच्च नियुक्ति पाउन थाले । निजी शिक्षा क्रमशः नीतिनिर्माणको तहसम्म पुग्यो । त्यसैले त आज सङ्घीय शिक्षा ऐन जारी गर्नुपूर्व विवाद खडा गरिएको छ ।

अहिले निजीले आपत्तिजनक ठानेका ऐनका मुख्य बुँदामध्ये अनिवार्य गुठीकरण मुख्य टाउको दुखाइ बनिदिएको छ । २०५८ को विधेयकले पनि यसलाई १० वर्षमा पूरा गर्ने प्रावधान राखेको थियो तर दबाबकै कारण त्यो तुहियो । यो विगतलाई सम्झँदै प्रभावमा पार्न उनीहरू सडक आन्दोलनमा उत्रिएका छन् । यता विषय समिति र संसद् पनि अलमलमा छ । सायद दलीय प्रभाव र ह्विप पनि होला विधेयकले अनिवार्य गुठीकरणको प्रावधान छाड्नुहुन्न ।

यस प्रावधानले शिक्षक, विद्यार्थी, अभिभावक र राज्य पूरै लाभान्वित हुन्छन् । त्यसैले यसलाई ऐनमार्फत कार्यान्वयनमा लैजानु पर्छ ।

गुठी वा ट्रस्टमा सञ्चालित एसओएस, सेन्टमेरिज, बुढानीलकण्ठ आदि शैक्षिक संस्थाले पनि नेपालको शैक्षिक उन्नयनमा राम्रै काम गर्दै आएका छन् भने यो गुठीकरणबाट तर्सनु आवश्यक छैन । अहिले राज्यले निजीले भन्दा धेरै लगानी गरेकै छ । कति पालिकामा सामुदायिकप्रति अभिभावक तनमनले लागिपरेका छन् । तिनले गुठीमा आबद्धलाई उठाउने नीति अघि सारेका छन् । आगामी दिनमा यो अभियान बढाउन सकियो भने राज्य, समुदाय र गुठीको त्रिकोणात्मक सम्बन्धले उत्कृष्ट शैक्षिक संस्था जन्मन बेर लाग्दैन । आर्थिक भार एउटैले बोक्ने र मुनाफा पनि एउटैले लैजाने नितान्त व्यापारिक चरित्र शिक्षा जस्तो पवित्र क्षेत्रमा नल्याउनु नै राम्रो हो ।

आज निजी शिक्षालाई व्यवस्थित गर्दै समाजमा द्वैधता, विभेद, विभाजन अनि अराजकता अन्त्यका उपाय खोज्नु छ । हुनेका लागि निजी र सामान्यलाई सामुदायिक भन्ने भाष्य चिर्न पनि सबै निजी गुठीमा रूपान्तरित हुनै पर्छ । एकै संस्थामा राखी वर्गीय विभेद हटाउने, आत्मीयता साटासाट गर्ने र सांस्कृतिक अन्तर्घुलनका माध्यमबाट राष्ट्रिय एकतालाई मजबुत बनाउँदै लैजाने लक्ष्य शिक्षा क्षेत्रबाटै पूरा गर्न सकिन्छ ।

सिक्ने र सिकाउने क्रियाकलापमा माध्यम, प्रक्रिया, नीति, वातावरण तथा मूल्याङ्कनगत एकरूपता हुन सके मात्र एकैखाले जनशक्ति उत्पादन हुन्छ । त्यसले बराबर प्रतिस्पर्धात्मक क्षमताको विकास गर्छ । हाम्रो लोकतान्त्रिक गणतन्त्रले भन्ने गरेको समन्यायिकता, समावेशिता, बहुलता र समाजवादी अवधारणा यसैबाट प्राप्त हुने हो ।

निजी शिक्षाले जानीनजानी हुर्काएको अस्वस्थ प्रतिस्पर्धालाई पनि गुठीकरणले शान्त पार्छ । अङ्ग्रेजी भाषालाई उच्च महत्व दिने, बालविकासदेखि नै घोकन्ते पढाइमा राख्ने, अनावश्यक पाठ्य सामग्रीको भारी बोकाउने, १६ घण्टासम्म स्कुलमा थुन्ने जस्ता बालमनोविज्ञानमा गम्भीर असर पार्ने गतिविधिलाई यसले रोक्ने छ । बालकले आफैँ सिक्ने, रुचि र प्रतिभा स्वतः जागृत हुने, मनको भाव अभिव्यक्त गर्ने अनि निर्णय क्षमता र नेतृत्व विकासमा लाग्ने उचित वातावरण निजी शैक्षिक संस्थामा भन्दा गुठी र सामुदायिकमा बढी हुन्छ । साँघुरो भौतिक संरचनामा कोचिनुपर्ने बाध्यता रहन्न । गुठीहरू मिलेर पूर्वाधारसहितको व्यवस्थित संरचना निर्माण हुने अवस्था आउँछ ।

शिक्षक वा प्राज्ञिक वर्गलाई निजी शिक्षाले न्याय गर्न सकेको छैन । तिनले दिने समय, श्रम र बुद्धिको न्यूनतम मूल्य पनि प्राप्त भएको छैन । दक्षिण एसियाली मुलुकसँग नै तुलना गर्ने हो भने पनि निजीका शिक्षकले सबैभन्दा कम सेवासुविधा पाएका छन् । सरकारले सामाजिक सुरक्षा कोषमा जान बाध्यकारी व्यवस्था नगरिदिँदा ती खालीहात सेवानिवृत्त हुन बाध्य छन् । नियुक्ति, स्थायित्व, श्रेणीकरण, वृत्तिविकास, उपादान, सञ्चयकोष, औषद्योपचार, बिरामी बिदा जस्ता सुविधा नपाउँदा श्रमिक अधिकारबाट वञ्चित हुनु परेको र कुण्ठा पालेर ज्ञान बाँड्नु परेको छ । निजीले तिनको श्रम, सेवा, नतिजा, योग्यता, अनुभव आदिको उचित कदर नगर्ने र सस्तोमा बफादार र चाकरीजीवी आदेशपालकलाई मात्र स्वीकार्ने प्रवृत्तिले अन्याय चुलिएको छ । यस्तो प्रवृत्तिले गुणस्तरीयता कायम गर्न सकेको देखिन्न । यस्ता विभेदकारी शोषक चरित्र अन्त्य गर्न पनि गुठीकरण अनिवार्य बनिसकेको छ ।

सरकार पनि निजीहरू कसरी चलेका छन् भनी सक्रिय अनुगमनमा लागेको देखिन्न । स्थानीय जनप्रतिनिधिलाई आर्थिक, कार्यक्रमिक, नैतिक तथा भौतिक सहयोग पुऱ्याउन र खुसी पार्न निजी सक्रिय रहेको पाइन्छ । सरकारको अनुदान नलिएका हुनाले तिनलाई आफ्नो कार्यक्षेत्रभित्र नपर्ने मनोविज्ञान पालेको पनि हुन सक्छ । आफ्नालाई भर्ना गर्दा शुल्क मिलाइदिने आस पनि हुँदो हो । फेरि नतिजा प्रचारमा पनि निजी अगाडि हुन्छन् । पालिकाका शैक्षिक तथा अतिरिक्त क्रियाकलापमा पनि सहभागिता जनाइदिने र कार्यक्रम सफल बनाइदिने निजीबाट सरककार सन्तुष्ट भएको पनि हुन सक्छ । निजीभित्रका बेथिति सरकारी अनुगमनले नदेख्दा समाज ठगिने गरेको छ । यसबाट बच्न पनि राज्य सहभागी हुने र सक्रिय अनुगमनको घेरामा पर्ने शैक्षिक गुठीको आवश्यकता देखिएको हो ।

निजी शैक्षिक संस्थाहरूले पूर्ण छात्रवृत्ति र त्यसको छनोट प्रक्रियामा पनि बिमति जनाएका छन् । विद्यार्थी संख्या, पूर्वाधार र शूल्क न्यून भएका संस्थाहरूलाई यो प्रावधानले समस्यामा पनि पार्न सक्छ । सञ्चालकका कारण त्यसमा आबद्ध शिक्षक, कर्मचारी र अभिभावकले समस्या भोग्छन् । कतिपयले धेरै विद्यार्थी भर्ना गर्दा छुट पाइने व्यवस्था मिलाएका हुन्छन् ।

स्टाफ, आफन्त, पहुँचवाला आदिले छात्रवृत्ति कोटा भरिन्छ । विपन्न, पिछडिएको र अपाङ्गताले निजीमा खासै स्थान पाएका हुन्नन् । यो विधेयकले छात्रवृत्ति छनोट प्रक्रियामा खुला प्रतिस्पर्धाको अवधारणा ल्याएको छ । यसलाई कार्यान्वयनमा लैजान निजीमा भन्दा गुठी संस्थामा सहज हुने छ । छनोट समितिमा कसैको पनि हस्तक्षेप नहुने र पारदर्शिता रहने अवस्था आउने छ । यस कारण लक्षित वर्गमा पुऱ्याउने छात्रवृत्ति कार्यक्रमका लागि पनि गुठीकरण बाध्यकारी हुन्छ ।

अहिले उठेको अन्तर्विरोध निजी लगानीलाई के गर्ने भन्ने पनि हो । उक्त पुँजीको मूल्याङ्कन गरी गुठीभित्र संरक्षित गरिदिन सकिन्छ । निश्चित अवधि निर्धारण गरी फिर्ता प्रक्रियालाई ऐनमै सुनिश्चित गर्न पनि सकिन्छ । यसमा राज्यले सहजीकरण गरिदिन सके विश्वासको वातावरण सिर्जना हुने छ । जमिन र संरचनाको स्वामित्व व्यक्तिबाट गुठीमा आउन समय चाहिन्छ । राज्यको साथ पनि आवश्यक पर्छ । राज्य आर्थिक रूपमा सबल त छैन तर स्पष्ट नीति र दीर्घकालीन योजना निर्माणमा जुट्न सके सबै निजीहरू गुठीकरणमा आबद्ध हुन्छन् । त्यसैले शिक्षा जस्तो संवेदनशील क्षेत्रलाई यसरी अन्योल र अनिर्णयको विषय बनाउनुहुन्न । यसै अधिवेशनले निजी शिक्षाको अन्त्य गर्दै अनिवार्य गुठीकरणमा लैजाने गरी विधेयक पास गर्नु पर्छ ।

# पैँसट्ठी अर्ब वैदेशिक लगानी प्रतिबद्धता

झापा(प्रस) । आर्थिक वर्ष २०८१/८२ मा मुलुकमा लगानी गर्ने भनेर झन्डै ६५ अर्ब रुपियाँ बराबरको प्रत्यक्ष विदेशी लगानी (एफडिआई) प्रतिबद्धता आउँदा १२ अर्ब रुपियाँ मात्र लगानी भित्रिएको छ ।

गत आवमा ८४० उद्योगमा ६४ अर्ब ९६ करोड ५१ लाख रुपियाँ लगानी प्रतिबद्धता आएकोमा १२ अर्ब एक करोड ९० लाख रुपियाँ भित्रिएको नेपाल राष्ट्र बैङ्कको तथ्याङ्कले देखाएको छ । लगानी प्रतिबद्धता उच्च भए पनि भित्रिने रकम भने न्यून छ । गत आवमा सरकारले अध्यादेशमार्फत कानुन संशोधन गरेकाले पनि लगानी प्रतिबद्धता धेरै आएको थियो । सो अनुसार लगानी भित्रिन सकेको छैन । नेपालमा लगानी गर्ने भनेर गत आवमा गरेको प्रतिबद्धताको १८.५० प्रतिशत मात्र रकम भित्रिएको तथ्याङ्कले देखाएको छ । उद्योग विभागका लगानी प्रविधि तथा हस्तान्तरण शाखा प्रमुख प्रशान्त बोहोराले लगानी गर्ने भनेर प्रतिबद्धता धेरै आए पनि सो अनुसार कम लगानी भित्रिएको जानकारी दिए । सबैभन्दा धेरै सेवा र पर्यटन क्षेत्रमा लगानीकर्ता आकर्षित भएको उनको भनाइ छ ।

विभागका अनुसार आव २०८०/८१ मा ६९ अर्ब ८३ करोड ३५ लाख रुपियाँ




लगानी प्रतिबद्धता आउँदा प्रत्यक्ष वैदेशिक लगानी भने आठ अर्ब ४७ करोड रुपियाँ भित्रिएको थियो ।

गत आवमा स्वचालित मार्गबाट ४५१ उद्योगमा ४६ करोड १२ लाख ६६ हजार र अप्रुभल रुटबाट ३८९ उद्योगमा ६० अर्ब ३५ करोड रुपियाँ विदेशी लगानी प्रतिबद्धता आएको विभागको तथ्याङ्क छ ।

विभागका अनुसार आव २०७९/८० मा ३० अर्ब ७१ करोड ९४ लाख रुपियाँ लगानी प्रतिबद्धता आउँदा सात अर्ब ९७ करोड ७८ लाख रुपियाँ भित्रिएको थियो । गत तीन वर्षको तथ्याङ्क हेर्दा नेपालमा भित्रिने लगानी भने बढ्दै गएको देखिन्छ ।

गत आवमा सबैभन्दा धेरै सेवामूलक उद्योगमा ४८, पर्यटनमा ४१, उत्पादन क्षेत्रमा छ, सूचना तथा प्रविधि उद्योगमा तीन, कृषि क्षेत्रमा दुई प्रतिशत लगानी प्रतिबद्धता आएको छ ।

यस्तै मुलुकमा लगानी गरेबापत विदेशी लगानीकर्ताले आव २०८१/८२ मा नौ अर्ब ६१ करोड ७० लाख रुपियाँ लाभांश फिर्ता लैजान गरी उद्योग विभागबाट स्वीकृति पाएको छ । आव २०८०/८१ मा १० अर्ब १८ करोड ७६ लाख ३९ हजार रुपियाँ लाभांश फिर्ता गर्न स्वीकृत गरिएको थियो ।

विभागले वैशाख २०८१ अटोमेटिक रुटमार्फत विदेशी लगानी स्वीकृति हुने प्रणाली कार्यान्वयनमा ल्याएको छ । स्वचालित मार्गबाट ५० करोड रुपियाँसम्म लगानी गर्न सक्ने व्यवस्था छ । उद्योग व्यवसायमा स्वदेशी तथा विदेशी लगानी गर्न सकिने विभागले जनाएको छ । गत आव स्वचालित मार्गबाट ४५१ उद्योगमा ४६ करोड १२ लाख ६६ हजार रुपियाँ र अप्रुभल रुटबाट ३८९ उद्योगमा ६० अर्ब ३५ करोड रुपियाँ विदेशी लगानी प्रतिबद्धता आएको विभागको तथ्याङ्क छ ।

विभागका अनुसार सुरुदेखि हालसम्म ७३३६ उद्योगमा छ खर्ब ७५ अर्ब ५२ करोड ७१ लाख रुपियाँ वैदेशिक लगानी प्रतिबद्धता आएको छ ।

# सूचीकृत कम्पनीमा लाभांशको सिजन सुरु

झापा(प्रस) । सूचीकृत कम्पनीमा लाभांशको सिजन सुरु भएको छ । आर्थिक वर्ष २०८१/०८२ मा आर्जित तथा सो अवधिसम्म सञ्चित नाफाबाट सूचीकृत विभिन्न क्षेत्रका कम्पनीले लाभांश घोषणा गर्न थालेका हुन् । बैंक तथा वित्तीय संस्थादेखि हाइड्रोपावर कम्पनीमध्ये केहीले लाभांश घोषणा गर्न थालिसकेका छन् ।

बजारमा सूचीकृत रहेकामध्ये धेरैजसो म्युचुअल फण्डहरूले यस वर्षका लागि आफ्नो लाभांश घोषणा गरिसकेका छन् । हालसम्म ३७ वटा म्युचुअल फण्डले आर्थिक वर्ष २०८१/०८२ को कारोबारका आधारमा लाभांश घोषणा गरेका छन् ।

त्यसमध्ये अधिकांश सूचीकृत फण्ड छन् भने केही बजारमा सूचीकरण नभएका खुलामुखी म्युचुअल फण्ड छन् । उनीहरूले यसपटक ३.८ प्रतिशतदेखि २१.०५ प्रतिशतसम्म लाभांश घोषणा गरेका छन् ।

यसरी लाभांश घोषणा गर्नेमध्ये ६ वटा खुलामुखी म्युचुअल फण्ड छन् । यस्ता म्युचुअल फण्डका इकाईहरू खुला बजारमा कारोबार हुँदैनन् । खुलामुखी म्युचुअल फण्डमा एउटाले १६ प्रतिशत लाभांश घोषणा गर्दा बाँकीको लाभांश दर एकल अङ्कमा रहेको देखिन्छ ।

म्युचुअल फण्डले साधारणसभा




गर्नु नपर्ने भएकाले तत्कालै लाभांश घोषणा गर्न सक्छन् । त्यसैले क्षमता अनुसार दसैं-तिहारभन्दा अगाडि नै लाभांश वितरण गर्ने गरी यस्ता फण्डहरूले तयारी गरेका हुन्छन् । तर, सूचीकृत अन्य कम्पनीको हकमा भने लेखापरीक्षण गर्नुपर्छ । यस्तो लेखापरीक्षणलाई नियामक निकायबाट स्वीकृत गराएरमात्रै ती कम्पनीले लाभांश घोषणा गर्न सक्छन् । बैंक तथा वित्तीय संस्थाको हकमा लाभांश समेत नियामक निकायबाट स्वीकृत गराएरमात्रै साधारणसभामा घोषणा गर्नुपर्ने व्यवस्था छ ।

यी प्रक्रियाका बाबजुद केही कम्पनीले लाभांश घोषणा गरिसकेका छन् । बैंकिङ समूहमध्ये हालसम्म माछापुच्छे बैंकले पहिलोपटक यस वर्षको लाभांश घोषणा गरेको छ । बैंकको शुक्रबारको बोर्ड बैठकले ४ प्रतिशत बोनस सेयर र ४ प्रतिशत नगद लाभांश (कर प्रयोजनसहित) घोषणा गरेको हो । यो हिसाबले बैंकले दसैं अगावै सेयरधनीलाई लाभांश पठाउनेगरी तयारी अघि बढाएको देखिन्छ ।

सूचीकृत हाइड्रोपावरमध्ये हालसम्म दुई हाइड्रोपावरले हालसम्म लाभांश घोषणा गरेका छन् । मिड सोलो हाइड्रोपावर र सिक्लेस हाइड्रोपावरले यस्तो घोषणा गरेका हुन् । दुवै हाइड्रोले १५ प्रतिशत बोनस सेयर र यसमा कर प्रयोजनको लागि लाग्ने नगद लाभांश दिने प्रस्ताव गरेका छन् ।

छिटो साधारणसभा आह्वान गरे पनि यी कम्पनीका सेयरधनीले नगद प्राप्त भने गर्ने छैनन् ।

लगानी समूहमा रहेको अर्को कम्पनी हाथवे इन्भेस्टमेन्टले पनि यस वर्षका लागि लाभांश घोषणा गरिसकेको छ । यस कम्पनीले यस वर्ष १२ प्रतिशत बोनस सेयर र यसमा लाग्ने करबापतको नगद लाभांशको प्रस्ताव गरेको छ ।

# कम्युनिस्ट नेता नन्दनको निधन

झापा(प्रस) । बारा, पर्सा र रौतहट क्षेत्रमा कम्युनिस्ट आन्दोलनको आधारशीला राख्नेमध्येका एक अग्रज नेता नन्दन अर्यालको ९५ वर्षको उमेरमा निधन भएको छ। उनको जन्म बाराको कलैया उपमहानगर पालिका-१४ बघवनमा १९८८ मा भएको थियो ।



लामो समयदेखि श्वासप्रश्वाससम्बन्धी समस्याबाट पीडित रहेका अर्यालले उपचारको क्रममा काठमाडौँमा आइतवार राति अन्तिम सास लिएको परिवारका सदस्यहरूले बताएका छन् । नेता अर्याल २०११ सालको ऐतिहासिक किसान आन्दोलनका अगुवा थिए ।

त्यस यताका दशकहरूमा उनले तराईमा किसान र श्रमिकलाई सङ्गठित गर्दै कम्युनिस्ट आन्दोलनलाई स्थापित गर्न महत्वपूर्ण भूमिका खेलेका थिए । सिद्धान्त निष्ठता, त्याग र संघर्षका प्रतीक अर्याल बारम्बार जेल परेका थिए । भूमिगत कालमा राज्यद्वारा निगरानीमा राखिए तापनि उनले आफ्नो जीवन राजनीति र जनताको सेवामा समर्पित गरेका थिए ।

पञ्चायत शासनकालमा पटक-पटक वारेन्ट जारी भई पाँच पटकसम्म जेलजीवन बिताएका अर्यालले भूमिगत गतिविधिबाट आन्दोलनको नेतृत्व गर्नेदेखि भारतमा शरण लिनेसम्मका अनेक संघर्षपूर्ण जीवन बिताएका थिए । तराईका पुराना कम्युनिस्ट कार्यकर्ताहरूका लागि अर्याल प्रेरणाका स्रोत रहेको तथा उनको निधनले असल कम्युनिस्टहरू अभिभावक गुमाएको महसुस अहिले गरेको पूर्व जिल्ला सभापति छठु यादवले बताए ।

# मारवाडी सेवा समिति बिर्तामोडको नेतृत्व चयन



बिर्तामोड(प्रस) ।झापाको बिर्तामोडमा रहेको मारवाडी सेवा समिति बिर्तामोडको ३२ औं साधारण सभा तथा १२ औं अधिवेशन सम्पन्न भएको छ । बिर्तामोडस्थित मारवाडी सेवा समितिको भवनमा सोमबार भएको अधिवेशनले नयाँ नेतृत्व समेत चयन गरेको छ । समितिको अध्यक्षमा बिजयकुमार गोयल चयन भएका छन् । त्यस्तै उपाध्यक्षमा दिपक मित्तल, सचिबमा गौरीशंकर गुप्ता (टिन्कु), कोषाध्यक्षमा सुमित साहेवाला र सह-सचिवमा बजरङ्गकुमार मित्तल चयन भएका छन् ।

त्यस्तै कार्यकारीणी सदस्यहरुमा यज्ञराज अग्रवाल, मिनप्रसाद अग्रवाल (संजय) सुरेश अग्रवाल, अमित अग्रवाल, श्यामसुन्दर अग्रवाल,पंकज मित्तल र मनोज गोयल चयन भएका छन् । निर्वाचन समितिमा शिवकुमार अग्रवाल, भाष्कर शर्मा र रोहित काफ्ले रहेका थिए । सर्वसम्मत रुपमा नयाँ नेतृत्व चयन भएको नवनिर्वाचित सचिव गौरीशंकर गुप्ता (टिन्कु)ले जानकारी दिए ।

संस्थाका अध्यक्ष मोहनकुमार मित्तलको अध्यक्षतामा भएको कार्यक्रममा पूर्वअध्यक्ष दिनेश मित्तलको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा विशिष्ट अतिथि नेपाल राष्ट्रिय मारबाडी परिषद्का केन्द्रीय सचिव उमेश डालमिया, नेपाल राष्ट्रिय महिला संगठनकी केन्द्रीय अध्यक्ष निर्मला जोशी, नेपाल राष्ट्रिय मारबाडी परिषद्का केन्द्रीय सदस्य अरविन्द मित्तल, संस्थापक अध्यक्ष वेदप्रकाश अग्रवाल, निवर्तमान अध्यक्ष पवन खेडिया, पूर्वअध्यक्ष तथा अग्रसेन भवन बिर्तामोडका अध्यक्ष सुरेशकुमार अग्रवाल (भद्रपुरे), पूर्वअध्यक्षहरु सुरेश बंशल, बाबुलाल अग्रवाल, नेपाल राष्ट्रिय युवा संगठनका कोषाध्यक्ष यज्ञराज अग्रवाल, सदस्य सुमित साहेवाला, क्षेत्रीय (क) अध्यक्ष दिपक मित्तल,मारवाडी महिला मञ्चकी अध्यक्ष निलम अग्रवाल, युवती मञ्चकी संयोजक ऋचा मंगल, रमेश केडियालगायतको आतिथ्य रहेको थियो ।कार्यक्रमको सञ्चालन सचिव दिपक मित्तलले गरेका थिए ।

## राज्यकोषको...

ध्यान दिन जरुरी रहेको आवश्यकता मन्त्री मगरले औल्याए । नेपालको संविधानले गुणस्तरीय शिक्षा र स्वास्थ्य हरेक नागरिकको नैसर्गिक अधिकारको रुपमा स्पष्ट उल्लेख गरेकाले हरेक बालबालिका शिक्षाको उज्यालो घामबाट बञ्चित हुन नहुने स्पष्ट पारे । यसका लागि तीनै तहका सरकार लागिपरेको र शिक्षा स्थानीय सरकारको पहिलो प्राथमिकतामा पर्नुपर्ने बताए । गुणस्तरीय एवम् सर्वसुलभ उच्च शिक्षा विद्यार्थीको पहिलो रोजाई रहेको भन्दैं मन्त्री मगरले हरेक शैक्षिक संस्थाले गुणस्तरीय शिक्षामा लाग्नुपर्ने बताए ।

उत्पादन एवम् उद्यमशिलता अभिवृद्धिमा टेवा पुगोस भनेर शिक्षालाई सीपसँग जोड्ने अभियान अब हरेक शैक्षिक संस्थाले शुरु गर्ने स्पष्ट पार्दै उद्यमशीलता, उत्पादन र रोजगारी बृद्धिको लागि शिक्षालाई सीपसँग जोड्नुपर्ने उनको भनाई थियो । पढेका धेरै ज्ञानको जीवनमा उपयोग नै आउदैनन्, व्यवहारमा प्रयोग हुँदैन भने डिग्री गरे पनि त्यस्तो शिक्षाको महत्व नहुने भन्दैं मन्त्री मगरले बजारमा सजिलै विक्री हुने विषय पढन सुझाव दिए ।

कार्यक्रमका विशिष्ट अतिथि कोशी प्रदेश सभा सदस्य गोपाल तामाङले अहिले अधिकाँश सामुदायिक क्याम्पसहरूको अवस्था निकै दयनीय रहेको भन्दै यसको सुधार र प्रवर्द्धनका लागि कोशी प्रदेश सरकार अघि बढेको बताए ।

प्रदेश सभा सदस्य तामाङले वर्तमान अवस्था झै रहने हो भने अब थुप्रै सामुदायिक क्याम्पस बन्द हुने अवस्थामा पुग्ने दाबी गरे । हरेक क्षेत्रलाई समाजसँग जोड्न र शैक्षिक संस्थाको सवैखाले सुधारका लागि सवैको भूमिका महत्वपूर्ण हुने भएकाले एक्लै नभई सवै मिलेर अघि बढ्नुपर्ने उनको भनाई थियो । त्यसमा कोशी प्रदेशसभा, प्रदेश सरकार र आफू आवद्ध दलसँग पुलको काम आफुले गर्ने स्पष्ट पारे । पछिल्लो समय अप्राविधिक शिक्षातर्फ विद्यार्थीहरूको आकर्षण घटिरहेकाले अब प्राविधिक शिक्षातर्फ जोड दिनुपर्ने प्रदेश सभा सदस्य तामाङले आवश्यकता औँल्याए ।

उनले प्राविधिक विषयको स्वीकृति प्राप्ति ,सञ्चालनमा आर्थिक व्यवस्थापन, भौतिक संरचनाको व्यवस्थापन र दक्ष जनशक्ति व्यवस्थापन पनि उत्तिकै कठिनाई रहेको समेत विचार राखे । शैक्षिक सुधारका लागि अब हरेक शैक्षिक संस्थाहरू लाग्नुपर्ने उनको भनाई थियो ।

क्याम्पस सञ्चालक समितिका अध्यक्ष दुर्गाप्रसाद सापकोटाको अध्यक्षतामा भएको कार्यक्रममा मेचीनगर नगरपालिका नगरप्रमुख गोपालचन्द्र बुढाथोकी, उपप्रमुख मीना पोखेल उप्रेतीले बोलेका थिए । उनीहरुले नगरभित्रका शैक्षिक संस्थाको गुणस्तर सुधारका लागि स्थानीय सरकार लागिपरेको र शिक्षा स्थानीय सरकारको पहिलो प्राथमिकतामा परेको जानकारी गराए ।स्थानीय सरकारले सीमित श्रोत र साधनका बाबजुद पनि शिक्षालाई प्राथमिकतामा राखेर अघि बढेको बताउँदैं शिक्षा, स्वास्थ्य, कृषिलगायत स्थानीय सरकारको प्राथमिकतामा रहेको धारणा राखेका थिए ।

गुणस्तरीय एवम् सर्वसुलभ उच्च शिक्षा विद्यार्थीको पहिलो रोजाई रहेको भन्दैं उनीहरुले हरेक शैक्षिक संस्थाले गुणस्तरीय शिक्षामा लाग्नुपर्ने बताए । मेचीनगरभित्र सञ्चालनमा रहेका तीनवटा सामुदायिक क्याम्पस नगरकै गहना भएका र यसको टिकाउका लागि आम नगरवासीको कर्तव्य रहेको औल्याएका थिए । क्याम्पसको विगतदेखि बर्तमानसम्मको सवै अवस्थाका बारेमा स्थानीय सरकार जानकार रहेको र क्याम्पसको शैक्षिक सुधारका लागि हरेक वर्ष बजेटमा सम्बोधन हुदैं आएको समेत जानकारी गराए ।

क्याम्पस प्रमुख लक्ष्मीप्रसाद उप्रेतीले कार्यक्रमको सञ्चालनसहित विविध विषयमा जानकारी गराए । सोही अवसरमा व्यवस्थापन संकाय र शिक्षा शास्त्र संकायका चौथो वर्ष उत्तीर्ण विद्यार्थीहरुलाई उच्च शिक्षाको कामनासहित विदाई गरिएको थियो ।

क्याम्पसका सामाजिक परीक्षण समिति सामाजिक परीक्षण प्रतिवेदन समेत प्रस्तुत गरिएको थियो । आगामी दुईवर्षका लागि ज्ञानु बोहोराको संयोजकत्वमा पाँच सदस्यीय सामाजिक परीक्षण समिति सर्वसम्मत चयन गरिएको छ । समितिको सदस्यहरुमा दीपक काफ्ले, किशोर भण्डारी, विकास थापा, विमला देवकोटा चयन भएका छन् ।

क्याम्पस सञ्चालक सदस्य दुर्गाप्रसाद सापकोटाले शब्दमार्फत स्वागत गरेको कार्यक्रममा कोशी प्रदेश सभाका निवर्तमान कोशी प्रदेश सभा सदस्य राधा थापा, क्याम्पसका सल्लाहकार रामचन्द्र उप्रेती, काँकडभिट्टा बहुमुखी क्याम्पस प्राध्यापक संघका सभापति विष्णु गौतमलगायत विभिन्न राजनीतिक दल, संघ संस्थाका प्रमुख प्रतिनिधि , क्याम्पसको अक्षयकोषदाता, भवन निर्माणकर्ता, चन्दादातालगायत शिक्षासेवी, पूर्व विद्यार्थीसहितको उपस्थिति रहेको थियो ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा,
अदुवा खोला छेउ

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष:** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष:** भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ ।

**मिथुन:** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट:** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह:** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या:** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला:** सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक:** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु:** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर:** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ:** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन:** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ